## मिति २०८१/०७/१४ गते बुधबार, १६५ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. शुभ दिपावली तिहार, नेपाल संवत तथा छठ पर्वको शुभकामना सम्बन्धमा।
२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
३. आय र व्ययको विवरण सम्बन्धमा।
४. ठेक्काको म्याद थप सम्बन्धमा।
५. आ.व. २०८१/०८२ मा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्वन्धी मार्गदर्शन पारित सम्बन्धमा।
६. वडा नं. ४ बसन्तापुरमा सभाहल निर्माण सम्बन्धमा।
७. विद्यालयको नाममा जग्गा दर्ता श्रेष्ता कायमका लागि सिफारिस गर्ने सम्बन्धमा। (श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुर)
८. भुक्तानी सम्बन्धमा। (वडा नं. ५ मा रिङकुवा निर्माण र वडा नं. १३ को पुरानो वडा कार्यालय भवन रंगरोगन)
९. महायज्ञ संचालनका लागि अनुमती दिने सम्बन्धमा।
१०. नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०७९ संशोधन सम्बन्धमा।
११. विविध।
   - किरिया खर्च सहयोग गर्ने सम्बन्धमा। (वडा नं. ११ र १३)
   - नेत्रलाल अभागी स्मृति ग्रन्थ प्रकाशनका लागि आर्थिक सहयोग।
   - २९औं राष्ट्रिय बाल साहित्य सम्मेलन २०८१का लागि आर्थिक सहयोग।
   - JCI Nepall 17th Lady Jaycees Acedemy-2024 का लागि आर्थिक सहयोग।
१२. इमरजेन्सी सेल्टर निमार्णका लागि अनुमती प्रदान गर्ने सम्बन्धमा।
१३. जग्गा उपभोगका लागि सिफारिस गर्ने सम्बन्धमा। (सामाजिक विकास मन्त्रालयलाई)
१४. घोराही उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन (O & M Report) पुनरावलोकन गर्ने सम्बन्धमा।

**निर्णय नं. १**

नेपालीहरुको महान चाड शुभ दिपावली तिहार, नेपाल संवत् ११४५ तथा छठ पर्व २०८१ को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो । साथै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन समेत नगरवासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को कार्तिक १४ गतेसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | ५०,७९,३४,२३९.४३।- | २७,७४,६८,९१२.६४।- (२१.५५%) | ३,६२,५१,३६२।- (३.१८%) | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/02/080/081 | वडा नं. १४ रझेना चोकदेखि आर्मी व्यारेकसम्म सडक पिच तथा नाला स्तरउनन्ती | श्री शिवानश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८०।१०।१६ | २०८१।०३।३१ | २०८१।०९।२९ |
| २ | NCB/WORKS/GSMC/10/080/081 | वडा नं. १५ ध्रुव श्रेष्ठको घरदेखि पाठक चोकसम्म सडक स्तरउन्नती | श्री शुभ कन्स्ट्रक्सन तुलसीपुर ६ दाङ | २०८०।११।१३ | २०८१।०३।३१ | २०८१।०८।३१ |

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्दन शाखाबाट पेश भएको आ.व. २०८१/८२ मा संचालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन सम्बन्धी मार्गदर्शन २०८१ पारित गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका वडा नं. ४ बसन्तापुरमा सभाहल निर्माणका लागि लुम्बिनी प्रदेश सरकार शहरी विकास तथा खानेपानी मन्त्रालयबाट चालु आ.व. २०८१/८२मा रकम रु.१५,००,०००।— विनियोजन भएकोले उक्त सभाहल निर्माणका लागि घोराही उपमहानगरपालिका वडा नं. ४ को बसन्तपुर टोलको पूर्वतर्फ विष्णु रोकायको घरजग्गा, पश्चिमतर्फ बाटो, उत्तरतर्फ बसन्तापुर सामुदायीक वनको जग्गा, दक्षिणतर्फ शिवकृष्ण मन्दिर चार किल्ला रहेको साविक लक्ष्मीपुर ३ख कि.नं. १५३ को प्रतिऐलानी जग्गामा सभाहल निर्माणको अनुमतीका लागि ४ नं. वडा कार्यालयको च.नं. ८०३, मिति २०८१।०७।०४ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त भवन निर्माणका लागि अनुमती दिने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. ५ स्थित श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुरले स्थापना कालदेखि भोगचलन गर्दै आएको साविक धर्ना ८ग कि.नं. ३० को क्षेत्रफल ०-४-१५ र साविक धर्ना ८ग कि.नं. ११८को क्षेत्रफल ३-१४-१७ जग्गा विद्यालयको नाममा दर्ता श्रेष्ता कायमका लागि ५ नं. वडा कार्यालयको च.नं. ५६२, मिति २०८१।०७।०९ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त जग्गा विद्यालयको नाममा दर्ता श्रेष्ता कायम गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ८**

**८.१** घोराही उपमहागनरपालिका वडा नं. ५ को गत आ.व. २०८०/८१को वडास्तरीय बजेट शीर्षक विभिन्न टोल वस्तीमा खानेपानीका लागि रिङकुवा अन्तर्गत मिलन टोल गिर बहादुर वि.क.को घरनेर रिङकुवा निर्माणको काम सम्पन्न भई भुक्तानीका लागि पेश भएता पनि भुलवश भुक्तानी छुट हुन गएकोले उक्त योजनाको मूल्याङ्कन गरी चालु आ.व.२०८१/८२को भुक्तानी हुन बाँकी शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

**८.२** घोराही उपमहानगरपालिका वडा नं. १३को पुरानो कार्यालय बसेको भवन रंगरोगन गरे वापतको रकम भुक्तानी दिने भनि नगरकार्यपालिकाको मिति २०८१।०३।०८ गते बसेको १५९औं बैठकको निर्णय भएकोमा गत आ.व.२०८०/८१मा स्रोतमा भएको चापका कारण भुक्तानी हुन नसकेकोले उक्त रंगरोगन वापतको रकम सिद्धिविनायक ट्रेडर्स घोराही १४लाई अन्तिम मूल्याङ्कन अनुसारको रकम रु.९३,७१३।९५ घोराही उपमहानगरपालिकाको चालु आ.व.२०८१/८२को वार्षिक बजेट अन्तर्गत रहेको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ९**

श्री आधारभूत विद्यालय गिठेपानी वडा नं.१८लाई विद्यालयको सर्वाङ्गीण विकासका लागि मिति २०८१।०७।२३ गतेदेखि ३० गतेसम्म श्रीमद्भागवत ज्ञान महायज्ञ २०८१ संचालन गर्न आवश्यक सुरक्षाको व्यवस्था गरी महायज्ञ संचालन अनुमती दिने।

**निर्णय नं. १०**

घोराही उपमहागनरपालिकाको सामाजिक विकास महाशाखाबाट पेश भएको नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०७९ संशोधन प्रस्ताव स्वीकृत गर्ने।

**निर्णय नं. ११**

**११.१** घोराही उपमहानगरपालिकाका विपन्न नागरिक घरपरिवारलाई किरिया खर्चका लागि वडा कार्यालयबाट सहयोग सिफारिस भई आएमा अधिकतम रकम रु.१०,०००।—सम्म आर्थिक सहायता नगरकार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराउने।

**११.२** घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने कविराज नेपालीकी पत्नी विष्णु कुमारी नेपालीको मिति २०८१।०६।२४ गते मृत्यू भएको हुँदा उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ११ नं. वडा कार्यालयको च.नं. ६६४, मिति २०८१।०७।११ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्च सहयोग स्वरुप रकम रु.१५०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.३** घोराही उपमहानगरपालिका वडा नं. १३ मंलेरी टोल बस्ने रिमा सुनारको छोरा विक्रम सुनारको मिति २०८१।०६।२८ गते मृत्यू भएको हुँदा उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १३ नं. वडा कार्यालयको च.नं. ८४३, मिति २०८१।०७।०७ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्च सहयोग स्वरुप रकम रु.१५०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.४** घोराही उपमहानगरपालिका वडा नं. १३ भ्युडर टोल बस्ने तेज बहादुर घर्तिको श्रीमती जुनी घर्तीको मिति २०८१।०६।२२ गते मृत्यू भएको हुँदा उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १३ नं. वडा कार्यालयको च.नं. ८४४, मिति २०८१।०७।०७ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्च सहयोग स्वरुप रकम रु.१५०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.५** सहिद नेत्रलाल अभागी स्मृति प्रतिष्ठान घोराहीबाट सहिद नेत्रलाल अभागी स्मृति ग्रन्थ प्रकाशनका लागि आर्थिक सहयोग माग भई आएकोले प्रतिष्ठानलाई ५०० प्रति स्मृति ग्रन्थ छपाईको विल अनुसारको रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**११.६** २९औं राष्ट्रिय बाल साहित्य सम्मेलन २०८१का आर्थिक सहयोग गरिदिनुहुन भनि सम्मेलन मुल आयोजक समिति घोराही दाङबाट अनुरोध भई आएकोले उक्त सम्मेलनमा भएको खर्चको विल भर्पाई अनुसार अधिकतम रकम रु.१,५०,०००।—(एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सम्बन्धीत पार्टीलाई भुक्तानी दिने।

**११.७** JCI Nepal 17$^{th}$ Lady Jaycees Academy-2024 का लागि आर्थिक सहयोग गरिदिनुहुन भनि JCI Dang Lady बाट अनुरोध भई आएकोले उक्त कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार अधिकतम रकम रु.१,००,०००।—(एक लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सम्बन्धीत पार्टीलाई भुक्तानी दिने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. ९ मकुण्डाँडा अस्परी चौरमा इमेरजेन्सी सेल्टर निर्माण (पहिलो चरण) अन्तर्गत कम्पाउण्ड निर्माण भइसकेकोमा चालु आ.व. २०८१/८२मा संघीय सरकारबाट दोस्रो चरण अन्तर्गत बजेट विनियोजन भई सेल्टर निर्माणका लागि कम्पाउण्ड गरिएको क्षेत्रभित्र पर्ने कि.नं. ६क ५०९ को अन्दाजी १५ कठ्ठा जग्गामा भवन निर्माण गर्न निशुल्क जग्गा भोगाधिकारका लागि ९ नं. वडा कार्यालयको च.नं. ५२५, मिति २०८१।०६।२० गतेको पत्रबाट सम्बन्धीत निकायमा सिफारिस गरिदिनुहुन भनि अनुरोध भई आएकोले सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९ बमोजिम निःशुल्क भोगाधिकारका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १३**

एशियाली विकास बैंक नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारको समन्वय र सहकार्यमा लुम्बिनी प्रदेशमा कार्यान्वयनमा रहेको महिला अधिकार संरक्षण तथा उत्थानको लागि प्रणाली सुदृढीकरण परियोजना SSPUWP(Strengthening system to protect and Uplift Women Project) अन्तर्गत लैङ्गिक हिंसा प्रभावित महिलाहरुको लागि प्रदेशस्तरीय दीर्घकालिन पुनस्थापना केन्द्र निर्माण गर्ने प्रयोजनका लागि नगर विकास समितिको स्वामित्वमा रहेको घोराही उपमहानगरापालिका वडा नं. १८ स्थित अम्बापुर जग्गा एकिकरण वस्ती आयोजनाको कित्ता नं. ३०३१ को पूर्वतर्फ रहेको प्लट नं. १५८को ४९०२ वर्गमिटर क्षेत्रफल र प्लट नं. १५९को १४७० वर्गमिटर गरी जम्मा ६३७२ बाट न्यूनतम १० कठ्ठा क्षेत्रफल जग्गा लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई उपयोग गर्न दिने। साथै उक्त जग्गा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई उपभोगका लागि प्रदान गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय गर्न आवश्यक प्रकृयाका लागि नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिकाबाट विगत २०७४ सालदेखि हालसम्मको स्थानीय सरकार संचालनको अनुभव, उपमहानगरपालिकाको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा सेवा प्रवाहको अवस्था समेतलाई विश्लेषण गर्दा यस उपमहानगरपालिकाको संगठन संरचना तथा दरबन्दी लाई आवश्यक परिमार्जन गर्नुपर्ने देखिएकाले यस उपमहानगरपालिकाको नवौं नगरसभाबाट पारित संगठन संरचना तथा दरबन्दी तेरिज सहितको संगठन तथा व्यवस्थापन प्रतिवेदन (O & M Report) २०७८ माथि पुनरावलोकन गर्ने निर्णय गरियो।